# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 08.08.2024

## तेन्दोङ ल्हो रम फात्

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले भन्नु भएको छ सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीको सरकारले राज्यका सबै समुदायको विकास र कल्याणका निम्ति समर्पित भावले काम गरिरहेछ। उहाँले भन्नुभएको छ प्रत्येक समुदायका मानिसहरूको जीवन स्तरमा सुधार ल्याउने उदेश्यले विभिन्न पहल र नीतिहरू लागू गरिएको छ। लेप्चा समुदायको चाड़ तेन्डोङ ल्हो रम फातको अवसरमा मुख्यमन्त्री आज गान्तोकको मनन केन्द्रमा आयोजित तीन दिने लामो तेन्डोङ ल्हो रम फात् समारोहको समापन कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै हुनुहुन्थ्यो ।

श्री तामङले भन्नुभयो सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले सरकार गठन गरेदेखि राज्यमा जातीय संगठनहरूलाई सुल्ला रूपमा सञ्चालन हुन दिइएकोले अहिले सबै जात र धर्मका मानिसहरूबीच सद्भावना र आत्मीयता बढ़ेर गएको छ। उहाँले भन्नुभयो अब सबै समुदायले आफ्नो पुरानो संस्कार र संस्कृतिको संरक्षण गर्दै आधुनिक चुगका कुराहरूलाई पनि समेटेर अघि बढ़नुपर्छ।

श्री तामङले राजधानी गान्तोकमा लेप्चा भवन निर्माण गर्ने र पश्चिम सिक्किम स्थित फामरोङको पुनर्निमाण गर्ने घोषणा गर्नुभयो। राज्य सरकारले बीएल हाउसको पुनर्निमाण गर्ने कार्य गरेको र बालुवाखानी स्थित लेप्चा साहित्यक केन्द्रको मरम्मति गरेको कुरो बताउँदै मुख्यमन्त्रीले भन्नुभयो लेप्चा जातिको इतिहाससँग सम्बन्धित स्वर्ग जाने सिँढ़ी निर्माणका लागि यस पालिको बजटमा पाँच करोड़ रूपियाँ धनराशि छुट्याइएको छ।

उहाँले घोषणा गर्नुभए अनुसार यसको निर्माणकार्य यसै वर्षभिभ पूरा गरेर जनतालाई समर्पित गरिनेछ। कार्यक्रमलाई पूर्व मन्त्री तथा समारोह आयोजन समितिका संरक्षक श्री कुंगा निमा लेप्चा र मंत्री श्री अरूण उप्रेतीले पनि सम्बोधन गर्नुभयो।

यस अवसरमा लेप्चा साहित्य संगठनका पूर्व अध्यक्ष श्री तार छिरिङ तार्गेनलाई प्रतिष्ठित तेन्डोङ पुरस्कारद्वारा अलंकृत गरियो। समारोहमा लेप्चा समुदायबाट विभिन्न क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरूलाई पनि सम्मानित गरियो। राज्यको अद्वितीय सांस्कृतिक विविधिता झल्काउने लेप्चा नृत्यहरू समारहोका मुख्य आकर्षण थिए। सिक्किम लेप्चा संघ रेञ्जोङ मुताञ्ची रोङ तार्जुमको तत्वावधानमा तीन दिने लामो राज्य स्तरीय समारोहको आयोजना गरिएको थियो।

## गभर्नर

राज्यपाल श्री ओम प्रकाश माथुरले आज नयाँ दिल्लीमा केन्द्रीय गृह मन्त्री श्री अमित शाहसित भेट गर्नुभयो। भेटघाटका बेला उहाँहरूले सिक्किमसित सम्बन्धित विभिन्न मामिलाहरूबारे चर्चा गर्नुभयो।

## जीओसी मिट्स सिएम

सत्र माउण्टेन डिभिजनका जीओसी मेजर जेनरल के. एस धतवालले आज मिन्तोगाङमा मुख्यमन्त्री श्री प्रेमसिंह तामङसित भेट गर्नुभयो। भेटघाटको अवधिमा उहाँले मुख्यमन्त्रीलाई उत्तर सिक्किममा भइरहेको सैन्य गतिविधिहरूबारे जानकारी दिनुभयो।

श्री धतवालले पूर्वाधार विकासका पहलहरू र उत्तर सिक्किममा झीलहरूको वर्तमान स्थितिबारे पनि अवगत गराउनुभयो । मुख्यमन्त्रीले सेनाको प्रयासमा राज्य सरकारको तर्फबाट सकेसम्म सहयोग गर्ने आश्वास दिनुभएको छ।

**डेमिस**

पश्चिम बंगलका पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टाचार्यको आज कोलकातामा निधन भयो। उहाँ अस्सी वर्षको हुनुहुन्थ्यो । श्री भट्टाचार्य विभिन्न रोगले पीड़ित हुनुहुन्थ्यो।

**कण्डोलेन्स एक्स सिएम**

राज्यका पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले पश्चिम बंगालका पूर्व मुख्यमन्त्रीको निधनमा शोक प्रकट गर्नुभएको छ। दिवगंत नेताको आत्मशान्तिको कामना गर्दै उहाँले शोक सन्तप्त परिवारप्रति सम्वेदना प्रकट गर्नु भएको छ।

**फुटबल**

छोगेल सर टाशी नाम्गेल स्मारक कप स्वतन्त्रता दिवस फुटबल टुर्नामेण्ट 2024 गान्तोकको पाल्जोर स्टेडियममा आजदेखि शुरू भएको छ। आज भएको उद्घाटन म्याचमा एपिएफ क्लब नेपालले कुमार स्पोर्टिङ फुटबल क्लबलाई दुई गोलले परास्त गर्यो। पराजित टीमले एउटै गोल पनि गर्न सकेन।

राज्यको गृह विभागको तत्वावधानमा सिक्किम फुटबल संघद्वारा आयोजित टुर्नामेण्टमा राज्य र राज्य बाहिरका गरी आठवटा टीमले भाग लिइरहेछन्। राज्यका अन्य स्थानमा पनि स्वाधीनता दिवस फुटबल टुर्नामेण्ट आयोजित भइरहेछ।

**ब्याडमिन्टन**

33 औ सिक्किम राज्य ब्याडमिन्टन च्याम्पियनशीप 2024 पनि पाल्जोर स्टेडियमको इन्डोर ब्याडमिन्टन हलमा आजदेखि आरम्भ भएको छ। गान्तोक नगर निगमकी उप मेयर छिरिङ पाल्देन भुटियाले चार दिवसीय टुर्नामेण्ट शुरू भएको घोषणा गर्नुभयो।

सिक्किम ब्याडमिन्टन संगद्वारा आयोजन च्याम्पियनशीपमा राज्यको छ वटै जिल्लाबाट दुइ सय पचास भन्दा बढ़ी ब्याडमिन्टन खेलाड़ीहरूले भाग लिइरहेछन्।